श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२८ सालको ऐन नं. १६

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रताप-भास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवन प्रजातन्त्र-श्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपाल-तारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### गोरखापत्र करपोरेशन ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– गोरखापत्र करपोरेशन ऐन २०१९ (यसपछि "मूल ऐन" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "गोरखापत्र करपोरेशन (पहिलो संशोधन) ऐन २०२८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ४ मा संशोधनः– मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः–

४. पूंजी, शेयर र शेयरहोल्डरहरूः– (१) संस्थानको अधिकृत पूंजी श्री ५ को सरकारले निर्धारण गरेबमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६२

(२) संस्थानको मूल पूंजीमा कम्तीमा एकाउन्न प्रतिशत शेयर श्री ५ को सरकारले लिनेछ र कम्तीमा पच्चीस प्रतिशत शेयर समितिका कर्मचारीलाई तोकिएबमोजिम बिक्री गरिनेछ । बांकीरहेको शेयर सर्वसाधारणलाई बिक्री गरिनेछ। कर्मचारीले खरीद गरेको शेयर निजले संस्थानको सेवाना रहुन्जेल मुक्री विक्री गर्न पाउनेछैन ।

(३) प्रत्येक शेयर अविभाज्य हुनेछ ।

(४) साधारणतः संस्थानका कर्मचारीलाई बाहेक कुनै व्यक्ति वा कम्पनीलाई तोकिएको संख्याभन्दा बढी संख्यामा शेयर दिनमा प्रतिबन्ध लगाउन सकिनेछ

(५) संस्थानको शेयर होल्डरको दायित्व सीमित हुनेछ ।

३. मूल ऐनको दफा ८ मा संशोधन:– मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छः–

८. संचालक समितिको गठन र संचालकहरूको कार्य अवधिः– (१) संचालक समिति (यसपछि "समिति" भनिएको) मा देहायबमोजिमका पांच जना संचालकहरू रहनेछन्:–

(क) संस्थानको महाप्रबन्धक,

(ख) गैर–सरकारी शेयरहोल्डरहरू मध्येबाट साधारण सभाद्वारा निर्वाचित एकजना,

(ग) सरकारी शेयर बापत श्री ५ को सरकारले मनोनयम गरेको एकजना,

(घ) पत्रकारिता प्रकाशन वा साहित्य क्षेत्रमा ख्यातिप्राप्त व्यक्तिमध्येबाट श्री ५ को सरकारले मनोनयन गरेको एकजना,

(ङ) संस्थानमा काम गर्ने शेयरहोल्डर कर्मचारीमध्येबाट निर्वाचित एकजना ।

(२) साधारण सभाद्वारा निर्वाचित हुने व्यवस्था नभएसम्म वा उप–दफा (१) को खण्ड (ङ) अन्तर्गत शेयरवाला कर्मचारीमध्येबाट निर्वाचित हुने व्यवस्था नभएसम्म शेयरहोल्डरबाट निर्वाचित हुने संचालक पनि श्री ५ को सरकारबाट मनोनीत हुनेछ ।

(३) श्री ५ को सरकारले समितिको अध्यक्ष नतोकेकोमा समितिको अध्यक्षता संस्थानको महाप्रबन्धकले गर्नेछ ।

(४) उप–दफा (१) को खण्ड (ग) र (घ) अन्तर्गगत मनोनीत संचालकको कार्यावधि पुरा नहुँदै पनि निजको सट्टा श्री ५ को सरकारले अरू कुनै व्यक्तिलाई मनोनयन गर्न यस उप–दफाले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) साधारण सभाबाट संस्थानका कर्मचारीहरूबाट संचालकको निर्वाचन कार्यभार सह्मालेपछि तिनका हकमा श्री ५ को सरकारबाट मनोनीत संचालकहरू स्वतः खारेज हुनेछ ।

(६) निर्वाचित संचालकहरूको कार्य अवधि दुई वर्षको हुनेछ । कार्य अवधि सकिएपछि निज पुनः संचालकमा निर्वाचित हुन सक्नेछ ।

४. मूल ऐनको दफा ६ मा संशोधनः– मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः–

६. संचालकको निमित्त अयोग्यताः– देहायको कुनै व्यक्ति संचालक हुन वा रहन सक्नेछैन ।

(क) वहुला वा मानसिक सन्तुलनरहित व्यक्ति,

(ख) नैतिक पतन देखिने फौज्दारी अभियोगमा कसूरदार प्रमाणित भई सो वापत ६ महिनाहीभन्दा बढी कैदको सजाय पाएको र त्यस्तो कैदको सजाय भोगी सकेका मितिले ५ वर्ष भुक्तान नगरेको व्यक्ति,

(ग) ऋण तिर्न नसकी साहूको दामासाहीमा परेको व्यक्ति, वा

(घ) संस्थानसंगको कुनै ठेक्का पट्टा वा करारमा कुनै प्रकारको निजी स्वार्थ भएको व्यक्ति ।

५. मूल ऐनको दफा १४ मा संशोधनः– मूल ऐनको दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छः–

"१४ महाप्रबन्धक, सल्लाहकार र अन्य कर्मचारीको नियुक्तिः– (१) संस्थानको कार्यहरूको संचालनको निमित्त श्री ५ को सरकारले एक जना महाप्रबन्धक र आवश्यक भए जति सल्लाहकार तथा समितिले अरू कर्मचारीहरू नियुक्त गर्न सक्नेछ । निजहरूको नियुक्ति, सेवाको शर्त, कार्यविधि र पारिश्रमिक तोकिएबमोजिम हुनेछ ।

(२) संस्थानको कर्मचारीले प्रत्येक महीनामा पाउने पारिश्रमिकको तोकिए-बमोजिमको अंकबाट अनिवार्य रूपले संस्थानको शेयर खरीद गर्नु पर्ने गरी नियुक्ति र सेवाको शर्त राख्न सकिनेछ ।

तर अस्थायी नियुक्ति भएको र करार सेवामा नियुक्ति गरिएका कर्मचारीलाई शेयर बिक्री गरिने छैन ।"

६. मूल ऐनको दफा १५ मा संशोधनः– मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

महान्यायाधिवक्ताको कार्यालय

2/06

१५. महाप्रबन्धक तथा अन्य कर्मचारीउपर कारवाही गर्नेः- (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियमद्वारा प्राप्त आफ्नो अधिकारको दुरूपयोग गरेको वा सो भन्दा बढी अधिकारको प्रयोग गरेको वा संस्थानको सम्पति वा कोष हिनामिना गरेको छ भन्ने लागेमा संस्थानका कर्मचारीलाई बोर्डले तोकिएबमोजिम निलम्बन र नोकरीबाट बर्खास्तसमेत गर्ने गरी सजाय दिन सक्नेछ ।

तर महाप्रबन्धकको हकमा बोर्डको बैठकले गरेको सिफारिसको आधारमा श्री ५ को सरकारद्वारा उपरोक्त बमोजिमको सजाय दिनेछ र सो बोर्डको बैठकमा महाप्रबन्धकले भाग लिने छैन ।

(२) उप-दफा (१) अनुसार त्यस्ता व्यक्तिलाई सजाय दिनु अगावै निजको अभियोग निस्पक्ष तवरले जाँचबुझ गराउने कर्मचारीको हकमा बोर्डले र महाप्रबन्धकको हकमा श्री ५ को सरकारले उचित ठहऱ्याएको एक व्यक्ति नियुक्त गर्नेछ ।

(३) उप-दफा (२) बमोजिम जाँचबुझ गर्दा बयान गराउने कागज लिखतहरू दाखिल गराउने, साक्षी प्रमाण बुझ्ने सम्बन्धमा जिल्ला अदालतलाई भए सरहका सबै अधिकार सो नियुक्त व्यक्तिलाई हुनेछ ।

(४) उप-दफा (१) बमोजिम भएको सजायको निर्णय वा आदेश उपर चित्त नबुझ्ने महाप्रबन्धकले सर्वोच्च अदालतमा र अन्य कर्मचारीले अञ्चल अदालतमा त्यस्तो सजायको निर्णय वा आदेश भएको मितिले ३५ दिनभित्र पुनरावेदन दिन सक्नेछ ।

७. मूल ऐनको दफा १७ मा संशोधनः- मूल ऐनको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छः-

"१७. संस्थानको काम र कर्तव्यः- (१) संस्थानलाई कुनै राजनैतिक वा आर्थिक दल वा सिद्धान्त विशेषको प्रभावबाट मुक्त राखी राष्ट्रिय दृष्टिकोण तथा व्यापकताले पूर्ण स्वस्थ, उत्तरदायी तथा मनोरञ्जन सामग्रीले युक्त पत्र-पत्रिकाको प्रकाशन एवं वितरणद्वारा देशी विदेशी समाचार एवं अन्य उपयोगी कुराहरूको जानकारी सर्वसाधारणलाई अधिराज्यभर सरल, सुलभ एवं सुपथ किसिमले उपलब्ध गराउनु संस्थानको कर्तव्य हुनेछ ।

(२) उप-दफा (१) अन्तर्गतको अधिकार र कर्तव्यको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी संस्थानले विशेष गरेर देहायमा लेखिएका कामहरू गर्न अथवा अधिकारहरू प्रयोग गर्न पाउनेछः-

(क) गोरखापत्र दैनिकको मुद्रण, प्रकाशन, वितरण, संचालन, आदि सबै काम गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८८

(ख) गोरखापत्र दैनिक र राइजिङ्ग नेपालका विभिन्न संस्करण, प्रकाशनको स्तरमा सुधार ल्याउने तथा देशी एवं विदेशी समाचारलाई सकभर व्यापक रूपमा समावेश गर्ने,

(ग) राष्ट्रको सर्वतोमुखी विकास तथा उन्नतिका लागि आवश्यक गतिशील दृष्टिकोण अपनाई राष्ट्रियता तथा राजभक्तिको भावनालाई अझ बढी विकसित गर्दै लैजाने किसिमका आकर्षक, रोचक, संस्कृति परिचायक तथा मनोरञ्जक प्रकाशनहरू प्रकाशित गर्ने,

(घ) निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको सैद्धान्तिक तथा व्यावहारिक पक्षको बोध हुने प्रकाश नजन–साधारणलाई उपलब्ध गराउने,

(ङ) गोरखापत्र दैनिक, राइजिङ्ग नेपाल र संस्थानका अन्य प्रकाशनका विभिन्न संस्करण, आकार प्रकार र मूल्य, अन्य दस्तूर आदि निर्धारण गर्ने र असूल गर्ने,

(च) आफूले गर्नु पर्ने कामको अतिरिक्त जन–साधारणले प्रकाशन गर्न ल्याएको कुरा आवश्यक दस्तूर लिई छपाई दिने,

(छ) संस्थानभित्र वा बाहिरका व्यक्तिलाई संस्थानको काम कुरामा शिक्षा एवं तालीमको व्यवस्था गर्ने,

(ज) आफूले गर्न पाउने काम गर्नको लागि चल अचल सम्पत्ति प्राप्त गर्ने, भोग गर्ने र नामसारी गर्ने,

(झ) आफ्नो अधिकारको प्रयोग गर्न र कर्तब्यको पालन गर्नमा मद्दत हुने किसिमको सबै ठेक्का पट्टा लिने दिने र कार्यान्वित गर्ने,

(ञ) संस्थानको सम्पत्ति धितो बन्धक राखी अरूसंग सापटी लिने,

(ट) संस्थानको सम्पत्ति भाडामा दिने, बिक्री गर्ने वा अरू प्रकारको बन्दोबस्त गर्ने,

(ठ) डिपोजितको ब्याज दिने र संस्थानको शेयरको लाभांश बाड्ने,

(ड) आफ्नो प्रकाशनप्रति जनताको विश्वास बढाउन आवश्यक प्रचार गर्ने,

(ढ) आफ्नो प्रकाशनको बिक्री वितरणको लागि अधिराज्यभर र विदेशमा समेत ठाउँ ठाउँमा बिक्री केन्द्र खोल्ने वा एजेन्सी दिने,

(ण) आफ्नो पदाधिकारी वा अरू कर्मचारीलाई निवृत्तभरण, उपदान वा संचयकोषको व्यवस्था गर्ने तथा बचत खाता खोल्ने,

(त) आफ्नो रकमलाई श्री ५ को सरकारले अनुमति दिएका सेक्युरिटीहरूमा लगाउने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(थ) यो ऐन अन्तर्गतको आफ्नो कर्तव्यहरूको पालन र अधिकारहरूको प्रयोग र यो ऐनको उद्देश्यहरूलाई कार्यान्वित गर्न आवश्यक भएका र त्यसको सिलसिलामा चाहिने अरू सबै काम कुराहरू गर्ने ।

८. मूल ऐनको दफा ३० मा संशोधनः– मूल ऐनको दफा ३० को सट्टा देहायको दफा ३० राखिएको छः–

३०. दण्ड सजायः– (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम राख्न, बनाउन वा पेश गर्नु पर्ने विवरण, हिसाव किताव प्रतिवेदन वा अन्य कुनै कागजातमा जानी जानी वा वद्नियतसाथ झूठो तथ्य देखाउन वा साँचो कुरो दवाई व्यहोरा फरक पार्ने वा सो कुराको उद्योग गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीनहजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(२) सञ्चालक वा संस्थानको कुनै कर्मचारीले जानी जानी वा लापरवाही गरी वा वदनियतसाथ उप–दफा (१) मा लेखिए बाहेक अन्य कुनै कुरा गरी संस्थानलाई हानी नोक्सानी पुऱ्याएमा निजलाई एक वर्षसम्म कैद वा एक हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

(३) संचालक वा संस्थानको कुनै कर्मचारीले दफा २२ अन्तर्गत जाँचबुझ गर्न नियुक्ति भएको व्यक्तिलाई निजको काम काजमा वाधा पुऱ्याएमा वा त्यस्तो व्यक्तिले कानूनबमोजिम मागेको कागजपत्र वा सूचना कुनै मुनासिव कारण विना नदिएमा वा दिनमा लापरवाही गरेमा निजलाई एक हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

(४) कसैले संस्थानको लिखित स्वीकृति नलिई कुनै विवरणपत्र वा विज्ञापनमा संस्थानको नाम प्रयोग गरेमा निजलाई ६ महीनासम्म कैद वा एकहजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(५) तत्काल सञ्चालक वा महाप्रबन्धक भएको कुनै व्यक्तिले दफा १६ उल्लंघन गरी संस्थानसंग हुने ठेक्का पट्टामा हिस्सेदार भई सो दफाबमोजिम जाहेर गर्नु पर्ने नगरी सो हैसियतबाट कुनै फाइदा उठाएको वा उठाउन उद्योग गरेमा निजलाई दुई वर्षसम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(६) यस दफाबमोजिम सजाय हुने अपराधबाट संस्थानलाई कुनै हानी नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानीको विगो समेत सो अपराध गर्ने व्यक्तिबाट असूल उपर गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२८०

९. मूल ऐनको दफा ३० पछि थपः– मूल ऐनको दफा ३० पछि देहायको दफा ३० क. राखिएको छः–

"३० क. श्री ५ को सरकारसंगको सम्पर्कः– संस्थानले आफ्नो काम कारवाहीको सिलसिलामा श्री ५ को सरकारसंग सम्पर्क राख्दा वा दफा २१ बमोजिम श्री ५ को सरकारले संस्थानलाई कुनै निर्देशन दिंदा संचार मन्त्रालयमार्फत सम्पर्क राख्नु वा निर्देशन दिनुपर्छ ।"

१०. मूल ऐनको दफा ३१ पछि थपः– मूल ऐनको दफा ३१ पछि देहायको दफा ३१क. थपिएको छः–

"३१ क. हानी नोक्सानी बारे अधिकारीहरूको बचाउः– सञ्चालक वा संस्थानका कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम आफ्नो कर्तव्य पालन गर्नको निमित्त असल नियतले गरेको वा गर्न खोजेको कुनै कुराबाट भएको कुनै हानी नोक्सानीको निमित्त निज व्यक्तिगत तवरले जवाफदेही हुने छैन ।"

११. खारेजीः– मूल ऐनको दफा २९ खारेज गरिएको छ ।

१२. रूपान्तरः– मूल ऐनमा प्रयोग भइरहेका देहायको शब्दहरूको सट्टा देहायका शब्दहरू राखी रूपान्तर गरिएको छ :–

(१) "मेनेजिङ्ग डाईरेक्टर" को सट्टा "महाप्रबन्धक"

(२) "करपोरेशन" को सट्टा "संस्थान" ।

(३) सम्वाददाता" को सट्टा "समाचारदाता" ।

लालमोहर सदर मिति २०२८।१२।२०।१

आज्ञाले–
चूडामणिराजसिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८९

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

282